म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५८ मंगलबार, २२ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 5 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फ्रेन्ड्स क्लब बागमती गोल्डकपको सेमिफाइनलमा

हेटौंडा, २१ बैशाख/ललितपुरको फ्रेन्ड्स क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार सहिदस्मृति रंगशालामा भएको खेलमा फ्रेन्ड्सले काठमाडौंको प्लानिङ ब्वाईज युनाईटेडलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो । निर्धारित खेल समय गोलरहित बराबरी भएपछि खेलको नतिजा टाइब्रेकरबाट लिएको हो । टाइब्रेकरमा प्लानिङका लागि कप्तान फागुराम थारु र शिशिर लेखीको प्रहार गोल भयो भने प्रतापसिं राई, पुजन थापा र निङमा घिसिङको प्रहार बाहिरियो । फेन्ड्सका लागि सुदर्शन श्रेष्ठ, प्रशान्त लक्ष्मी र दिपेश गुरुङले गोल गरे भने कप्तान रुपेश केसी र योगेश गुरुङको प्रहार बाहिरियो । प्लेयर अफ दि म्याच फ्रेन्ड्सका महेन्द्र कार्की घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । फ्रेन्ड्सले अब सेमिफाइनलमा सर्लाहीको बागमती युथसँग खेल्नेछ ।

### राज्यको जुनसुकै निकायले अनुरोध गर्दा आफू भौतिकरुपमै उपस्थित हुन्छुः मुख्यमन्त्री बानियाँ

# अवैध सम्पत्तीको आशंकामा मुख्यमन्त्री बानियाँको घरमा छापा

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको घर र कार्यालयमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको छ ।

अवैध सम्पत्ति लुकाएका आशंका सम्पत्ति शुद्धीकरण विभागले मुख्यमन्त्री बानियाँको घर र कार्यालयमा सोमबार छापा मारेको हो । हेटौंडा-५ सानोपोखरास्थित बानियाँ निर्माण सेवा (बीएनएस), त्यहीँ रहेको घरमा छापा मारेर कागजपत्र नियन्त्रणमा लिएको छ । काठमाडौंको नक्साल र सुन्धारामा पनि विभागले छापा मारेको हो । नेपाली कांग्रेस बागमती प्रदेश सभापति समेत रहेका बानियाँ केही वर्षअघिसम्म निर्माण व्यवसायमा आबद्ध थिए । मुख्यमन्त्री बानियाँको हेटौंडास्थित निवासमा विभागको टोलीले करिब दुई घण्टा बिताएको स्रोतले जनायो । स्रोतका अनुसार मध्याह्न करिब १२ बजे पुगेको टोली करिब २ बजे बानियाँको घरबाट बाहिरिएको थियो ।



मुख्यमन्त्री बानियाँको घरमा विभागका ७ जना सम्मिलित टोलीले छापा मारेको हो । विभागको टोलीले मुख्यमन्त्री बानियाँको घर तथा निर्माण कम्पनीको कार्यालयबाट केही कागजात अनुसन्धानका लागि लगेको बताइएको छ ।

बानियाँ संसदीय दलको बैठकमा सहभागी भएको अवस्थामा छापा मारिएको घटनाबारे जानकारी पाएका थिए । संसदीय दलको बैठकमा सभामुख चयन र मन्त्रिपरिषद् फेरबदलबारे छलफल भइरहेको थियो ।

**मुख्यमन्त्री बानियाँको आपत्ती**

बागमती प्रदेशका मुख्यमन्त्री बानियाँले आफ्नो घर तथा कार्यालयमा छापा मारिएको विषयमा आपत्ति जनाएका छन् । सोमबार मुख्यमन्त्री बानियाँको हेटौंडा-५ स्थित निवास र उनकै स्वामित्वमा रहेको बानियाँ निर्माण सेवाको विभिन्न स्थानमा रहेका कार्यालयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले छापा मारेको हो ।

घटनापछि मुख्यमन्त्री बानियाँले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो धारणा सार्वजनिक गरेका हुन् । आफू मुख्यमन्त्री भएदेखि नै सुशासन, पारदर्शिता र भ्रष्टाचार मुक्त समाज निर्माणलाई प्राथमिकतामा राखेको जिकिर गर्दै बानियाँले सोहीअनुसार आफूले बागमती प्रदेश सरकारको सार्वजनिक कार्यसञ्चालनमा खर्च कटौतीका साथै आर्थिक मितव्ययिताका लागि निरन्तर काम गर्दै आएको जनाएका छन् ।

'मैले बागमती प्रदेश सरकारको सार्वजनिक कार्यसञ्चालनमा खर्च कटौतीका साथै आर्थिक मितव्ययीताका लागि निरन्तर काम गर्दै आएको छु,' उनले भनेका छन्, 'आवश्यकता र औचित्यतामा आधारित योजना तथा कार्यक्रम र बजेटमा पारदर्शितालाई नीतिगतरुपमा अगाडि बढाइएको ब्यहोरा सबैको जानकारीमा छ ।' 'तीनतहको सरकार समन्वय, सहअस्तित्व र सहकार्यका आधारमा चलेको हुन्छ,' मुख्यमन्त्री बानियाँले विज्ञप्तिमा भनेका छन्, 'संघीय सरकारले गर्ने सकारात्मक कार्यमा प्रदेश सरकारको नेतृत्वकर्ताको रुपमा मुख्यमन्त्रीको सधैं साथ रहन्छ ।'

राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा आफू सहयोग गर्न तत्पर रहेको मुख्यमन्त्री बानियाँले प्रस्ट पारेका छन् । मुख्यमन्त्री बानियाँको घरमा दुई घण्टासम्म खानतलासी गऱ्यो सम्पत्ति शुद्धीकरण विभागको टोलीले 'राजनीतिक र व्यावसायिक जीवनका बारेमा गर्ने छानबीनलाई मैले सकारात्मकरुपमा लिएको छु,' उनले विज्ञप्तिमा भनेका छन्, 'तर, विभिन्न सञ्चारमाध्यममा आएको समाचार अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नाममा गरेको छापामारीले मेरो व्यक्तिगत एवं सामाजिक चरित्रमाथि आघात पुगेको महसुस भएको छ । राज्यको जुनसुकै निकायले अनुरोध गर्दा आफू भौतिकरुपमै उपस्थित हुने विद्यमान अवस्थामा अकस्मात् गरिएको छापामारीप्रति आपत्ति जनाउँदछु ।'

उनले संवैधानिक र कानुनी दायरामा रहेर गरिने हरेक अनुसन्धानमा पूर्णसमर्थन र सहयोग रहने प्रतिबद्धतासमेत जनाएका छन् । उनले भनेका छन्, 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको छापामारीबाट बागमती प्रदेशवासी एवं मेरा शुभेच्छुक र शुभचिन्तकलाई भ्रमित र चिन्तित नहुनु अनुरोध गर्दछु ।'

**मुख्यमन्त्री बानियाँविरुद्ध प्रतिशोध साँधियोः *कांग्रेस मकवानपुर***

नेपाली कांग्रेस मकवानपुरले बागमती प्रदेशका सभापति एवं मुख्यमन्त्री बानियाँमाथि गरिएको पछिल्लो कदमप्रति गम्भीर आपत्ति जनाएको छ ।

जिल्ला कार्यसमिति मकवानपुरद्वारा जारी विज्ञप्तिमा राजनीतिक पूर्वाग्रहबाट प्रेरितभई सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धानको नाममा अस्वाभाविक तरिकाले कदम चालेको आरोप लगाइएको छ । नेपाली कांग्रेस मकवानपुर सभापति बुद्ध लामाद्वारा हस्ताक्षरित विज्ञप्तिमा सामान्य सूचना र संवैधानिक प्रक्रियाको अवलम्बन नगरी गरिएको यस्तो कार्यले लोकतान्त्रिक मूल्य मान्यता माथि प्रहार गरेको उल्लेख गरिएको छ । पार्टीले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै निष्पक्षता र पारदर्शिताको सिद्धान्तविपरीत गरिएको कुनै पनि गतिविधि स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

कांग्रेस मकवानपुरले राजनीतिक जीवनमा लामो समयदेखि सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाज निर्माणमा प्रतिबद्ध व्यक्तित्वमाथि गरिएको व्यवहारप्रति आपत्ति जनाउँदै अनुसन्धानका नाममा गरिने कुनै पनि कार्य कानुनी प्रक्रिया र मानवीय मर्यादाभित्र रहनुपर्ने बताएको छ । विज्ञप्तिमा राज्यका निकायद्वारा गरिने अनुसन्धानमा पूर्णसहयोग रहने उल्लेख गर्दै लोकतन्त्र, मानवअधिकार र विधिको शासनको सम्मान हुनुपर्नेमा जोड दिइएको छ । यस्ता घटनाले सरकारको नियत माथि प्रश्न उठाउने भन्दै पार्टीले कडा शब्दमा भर्त्सना गरेको छ ।

# बैकुण्ठमा सञ्चालन भयो बर्थिङ सेन्टर



साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिका-२ बैकुण्ठमा बर्थिङ सेन्टर तथा प्रसुती केन्द्र सञ्चालनमा आएको छ ।

धादिङको रोराङबेनिघाट गाउँपालिका-४ सँग सीमाना गाँसिएको कैलाशबैकुण्ठ क्षेत्रका गर्भवती महिलाले अब आफ्नै गाउँघरको बर्थिङ सेन्टरमा सुत्केरी गराउन पाउने भएका छन् । यसअघि घण्टौं यात्रापश्चात वडा १ को वरभञ्ज्याङ पुग्नुपर्ने बाध्यता हटेको छ । गाउँपालिकाले प्रत्येक वडामा बर्थिङ सेन्टर सञ्चालन गरी सेवाप्रवाह गर्ने लक्ष्यका साथ २ नम्बर वडामा प्रसुती केन्द्र सञ्चालन सुरु गरिएको हो । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बर्थिङ सेन्टरको उद्घाटन गर्दै प्रत्येक वडामा आधारभूत स्वास्थ्यकेन्द्र भइसकेको अवस्था छ, अब हामीले दुईवटा वडामा मात्रै बर्थिङ सेन्टर सञ्चालन गर्न बाँकी रहेको बताए ।

'बच्चा र आमाको स्वास्थ्य सुरक्षा होस् भन्ने हेतुले होम डेलिभरीको अन्त्य गर्न यस केन्द्र निर्माण गरी सञ्चालनमा ल्याएका हौं' उनले भने । सुत्केरीबेथा लागेपछि कि डाडाँखर्क कि त पालुङ लाने गरिन्छ । कि भने मनहरी, हेटौंडा लाने अवस्था छ, जोखिम मोलेर त्यहाँसम्म जानुपर्ने बाध्यतालाई अन्त्य गर्न नै यस केन्द्रको निर्माण भएको अध्यक्ष मुक्तानले बताए । शिशुमृत्युदर र मातृमृत्युदर कम गर्न आमा र शिशुको स्वास्थ्यको सुरक्षाको लाभलिन कैलाशबैकुण्ठ मात्रै नभइ छिमेकी गाउँपालिकाले पनि सक्ने उनले बताए ।

राज्यले एउटा मापदण्ड दिएको छ । सोहीअनुरुप कैलाश गाउँपालिकाले स्वास्थ्यका क्षेत्रमा धेरै कार्यक्रम गर्दै आइरहेको छ । निशुल्क औषधि प्रदान, पोषण कार्यक्रम, खोप कार्यक्रमलगायत धेरै कार्यक्रम गर्दै आइरहेको उनले बताए । वडा २ का वडाअध्यक्ष राजेन्द्र घिसिङको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखाप्रमुख तिलकप्रसाद गौतम, वडा सदस्यद्वय फूलमाया सुनार र सूर्यबहादुर स्याङ्तान, जग्गादाता ललितबहादुर मुक्तान, बैकुण्ठ आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख विश्वनाथ सिंहलगायतको आतिथ्यता रहेको थियो । गाउँपालिकाले १० लाख लागतमा २ कोठे भवन निर्माण गरेको हो ।

बर्थिङ सेन्टर सञ्चालनका लागि सम्पूर्ण सामग्री र भौतिक संरचना पूर्ण रहेको वडाध्यक्ष घिसिङले बताए । उनले मातृशिशु मृत्युदर घटाउनकै लागि प्रसुती केन्द्र निर्माण गरिएको बताए । 'सुत्केरी घरमा होइन अब स्वास्थ्यसंस्थामै गराउनुपर्छ' वडाध्यक्ष घिसिङले भने । घण्टौं हिडेर जानुपर्ने बाध्यता बिस्तारै सहज बन्दै गएको उनले बताए । जग्गादाता ललितबहादुर मुक्तानले करिब तीन रोपनी जग्गा दान गरेपछि स्वास्थ्य संस्था निर्माणपश्चात अहिले बाँकी जग्गामा बर्थिङ सेन्टर निर्माण गरिएको उनले बताए ।

# सातै प्रदेशमा कृषिगणना गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आन्तरिक जनशक्तिको प्रयोग गरेर तीन तहकै सरकारको सहभागितामा पहिलोपटक सातै प्रदेशमा कृषिगणना सञ्चालन गरेको छ ।

सरकारले स्रोत र साधनको अधिकतम परिचालन गरी कृषि गणनालाई मितव्ययी बनाएको हो । गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिक तथ्यांक संकलन गरेका छन् । तथ्यांक प्राप्त गर्न मोवाइल र ट्यावलोइडको प्रयोग गरिएकाले कृषिगणना कार्यक्रम प्रभावकारी बनेको पाइएको छ । मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत रामकृष्ण रेग्मीले गणनाबाट प्राप्त तथ्यांकका आधारमा कृषिक्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय नीतिनियम बनाउन तथा त्यसलाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने जानकारी दिए ।

पहिलोचरणमा स्थानीय तहका कृषि प्राविधिक किसानको घर दैलोमा पुगेर कृषिमा कृषकको पहुँच, मलबीउको प्रयोग, मूल्य भण्डारणको संरचना, सिँचाइको प्रयोग, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषिसेवा पहुँच, बीमा सुबिधा, कृषि पशुको उत्पादनको अवस्थालगायतका विषयमा प्रश्न सोधेर तथ्यांक संकलन गरिने जनाइएको छ । दोस्रोचरणमा प्राप्त तथ्यांकलाई विश्लेषण गरी कृषिको आधिकारिक तथ्यांक परिणाम निकालिने छ ।

महत्वाकांक्षी परियोजनाका रुपमा सञ्चालन गरिएको यो कार्यक्रममा मन्त्रालयले सुपरीवेक्षकलाई तालिम दिने र सुपरीवेक्षकले गणकलाई तालिम दिने व्यवस्था गरिएको छ । दोस्रोचरणको काम सुरुगर्न पहिलो चरणको काम अनिवार्य सम्पन्न गर्नुपर्ने वरिष्ठ अधिकृत रेग्मीले जानकारी दिए ।

# ७ व्यक्तित्व तथा एक संस्थालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान मकवानपुरले वर्ष २०८२ का लागि विभिन्न विधाका ७ जना व्यक्तित्व तथा एक संस्थालाई सम्मान गर्ने भएको छ ।

भाषा, साहित्य, संगीत तथा सामाजिकक्षेत्रमा योगदान पुऱ्याएका सात जना व्यक्तित्व र एक संस्थालाई पुरस्कृत गर्न लागिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठकाअनुसार वैशाख २७ गते आयोजना हुने विशेष सांगीतिक तथा साहित्यिक कार्यक्रममा सम्मान प्रदान गरिनेछ । १५ हजार रुपैयाँ राशीको 'तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार' हस्तकला प्रशिक्षक रविना श्रेष्ठ (मकवानपुर) लाई प्रदान गरिने भएको छ । १० हजार रुपैयाँ राशीको 'भीम-मथुरा बालप्रतिभा पुरस्कार' अक्सा खातुनलाई प्रदान गरिनेछ । त्यसैगरी, १५ हजार रुपैयाँ राशीको 'शिला नारी पुरस्कार' संगीता थापामगर (मकवानपुर) लाई दिइनेछ भने २० हजार रुपैयाँ राशीको 'रामकृष्ण बानियाँ स्मृति




लोक संगीत पुरस्कार' लोकगायक राजु परियारलाई प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।

१५ हजार रुपैयाँ राशीको 'चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार' साहित्य संगम मकवानपुरलाई प्रदान गरिनेछ । १० हजार रुपैयाँ राशीको 'मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार' स्वास्थ्यकर्मी राजु गुरुङलाई प्रदान गरिने भएको छ । १० हजार रुपैयाँ राशीको 'अजित सेनगुप्ता क्षमता पुरस्कार' थाहा नगरका चित्रकार अमिर भोम्जनलाई र १० हजार रुपैयाँ राशीको 'इन्द्रकुमार कोजू स्मृति पुरस्कार' अप्सना उप्रेती (हेटौंडा) लाई प्रदान गरिने जनाइएको छ । सोही अवसरमा प्रतिष्ठानको २३ औं साधारणसभा तथा आठौं अधिवेशन आयोजना गरिनेछ ।

वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा २०५९ सालमा स्थापना गरिएको प्रतिष्ठानले देश तथा विदेशमा रहेर नेपाली वाङ्मय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका स्रष्टा तथा सर्जकलाई सम्मानित गर्दै आएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# रैथाने उत्पादन कि हाइब्रिड ?

उत्पादनमुखी अर्थतन्त्र र शिक्षा प्रणालीबीचको अन्तरसम्बन्ध आजको नेपालका लागि केवल नीतिगत बहसको विषय मात्र होइन, दीर्घकालीन समृद्धिको आधार पनि हो । तर, हामी कागजी घोडा कुदाउने शिक्षानीतिमा अलमलिएका छौं । कक्षाकोठामा ९० प्रतिशत अंक ल्याउने हाम्रा बालबालिकाले चिया पकाएर बाउआमालाई दिन जानेका छैनन् । बागमती प्रदेशले स्थानीय उत्पादन, मौलिक परिकार र आधुनिक प्रविधिलाई जोड्दै दिएका अभिव्यक्तिले यही यथार्थतर्फ संकेत गर्छ । यदि उत्पादन, शिक्षा, विज्ञान र संस्कृतिबीच सन्तुलन कायम गरिएन भने विकास दीगो हुन सक्दैन । आजको विश्व तीव्रप्रविधिक विकासको दौडमा छ । तर, प्रविधिको नाममा प्राचीन सभ्यता, वातावरण र स्थानीय ज्ञानप्रणालीलाई बेवास्ता गरिँदा त्यसको मूल्य भविष्यमा महँगो पर्नसक्छ । नेपालजस्तो जैविकविविधता, सांस्कृतिक मौलिकता र कृषिमा आधारित अर्थतन्त्र भएको देशका लागि विकासको मोडल नक्कलमुखी होइन, आफ्नै माटो सुहाउँदो हुनुपर्छ । मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले उठाएको भूमिको वैज्ञानिक वर्गीकरण–उत्पादन, आवास र औद्योगिक क्षेत्र छुट्याएर योजनाबद्ध विकासको दिशामा अघि बढ्ने व्यावहारिक उपाय हो ।

स्थानीय तह, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय हुन सके उत्पादनमुखी अर्थतन्त्र निर्माण असम्भव छैन । आजको गरिबी न्यूनीकरणको बहस केवल राहत र अनुदानमा सीमित हुनु हुँदैन । यसले उत्पादन, रोजगारी र सीप विकासलाई केन्द्रमा राख्नुपर्छ । रैथाने उत्पादन र मौलिक परिकारलाई प्राथमिकतामा राख्ने प्रदेश सरकारको नीति सकारात्मक संकेत हो । तर, हामी रैथाने बीउ जोगाउन सक्ने अवस्थामा पनि छैनौं र हाम्रो खेतीप्रणाली पूर्णरुपमा हाईब्रिडमा जानसक्ने सामर्थ्य पनि छैन । यसले न केवल स्थानीय किसान र उद्यमीलाई प्रोत्साहन दिन्छ, अर्थतन्त्रमा बहुआयामिक योगदान पनि पुऱ्याउँछ । अब तयारीमा रहेको उत्पादनमा आधारित अनुदान प्रणाली समयानुकूल कदम हो । परिणाममुखी अनुदानले काम गर्ने संस्कृतिलाई बलियो बनाउँछ र अनुदानलाई दायित्वभन्दा अवसरको रुपमा स्थापित गर्छ । विभिन्न स्थानमा रैथाने भान्साघर सञ्चालन गर्ने अवधारणाले स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सेतुको काम गर्न सक्छ । आन्तरिक तथा बाह्य पर्यटकले स्थानीय स्वादसँगै त्यसको उत्पादन प्रक्रिया, सांस्कृतिक पृष्ठभूमि र पोषण मूल्यबारे जान्न पाउँदा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष लाभ पुग्छ । तर, यी सबै पहल दीगो बन्न शिक्षाप्रणालीको आमूल रुपान्तरण अपरिहार्य छ । अहिलेको शिक्षा अधिकांशत: प्रमाणपत्रमुखी छ, उत्पादन र व्यवहारसँग कमजोररुपमा जोडिएको छ । विद्यार्थी पढ्छन् तर, सीप आर्जन गर्दैनन् । डिग्री लिन्छन् तर, रोजगारी सिर्जना गर्न सक्दैनन् । 'पढ्दै कमाउँदै' गर्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । विद्यालयदेखि विश्वविद्यालयसम्म उत्पादन, उद्यमशीलता र प्राविधिक सीपलाई पाठ्यक्रममै समावेश गर्नुपर्छ ।

विद्यालय तह पढ्दै गरेको हाम्रा विद्यार्थी धान रोप्ने हिलो गरामा टेक्नै मान्दैनन् । कृषि, पर्यटन, प्रविधि र उद्योगलाई शिक्षासँग जोडेर 'लर्निङ बाइ डुइङ' मोडल अपनाउन सके युवा विदेशिने बाध्यता घट्न सक्छ । स्थानीय उत्पादनमा आधारित अनुसन्धान, इनक्युबेसन केन्द्र र विद्यार्थी–उद्यम साझेदारी कार्यक्रमले शिक्षालाई जीविकोपार्जनसँग जोड्न सक्छ । यसले आत्मनिर्भरता मात्र होइन, नवप्रवर्तनको संस्कृतिलाई पनि बढावा दिन्छ । उत्पादनलाई आधुनिक प्रविधिसँग जोड्दै मौलिकता र वातावरण संरक्षणलाई सँगै अघि बढाउने सोच स्वागतयोग्य छ । चुनौती कार्यान्वयनको हो–नीति, बजेट र संस्थागत क्षमताबीच तालमेल मिलाउने । यदि शिक्षा प्रणालीलाई उत्पादनसँग गाँस्दै स्थानीय स्रोत र सीपको सदुपयोग गरियो भने, बागमती प्रदेश मात्र होइन, समग्र देशले दीगो विकास र समृद्धिको नयाँ बाटो पहिल्याउन सक्छ । तर, यस्ता विषयमा काम गर्न निकै कठिन पनि छ । सत्ताधारीहरुले भाषण गर्दा तुरुन्त काम सुरु होला जस्तो गर्छन् र ब्यवहारमा त्यस्तो भएकै छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २३ गते बुधबार ६ मे २०२६ । चतुर्थी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२३ सूर्यास्त ६:४० ।


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋाण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिने |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिने |

# नेपाल 'बफर' र 'भाइब्रेन्ट ब्रिज' किन हुन सक्दैन ?



✍अनुमा कोइराला




वर्तमान सरकारले राष्ट्रिय प्रतिबद्धता-पत्रको मस्यौदा सार्वजनिक गर्दै सरोकारवालासँग सुझाव माग गरेको छ । मस्यौदाको अन्तर्राष्ट्रिय कूटनीतिको खण्डमा आफ्नो मुलुकलाई जुन रूपमा व्याख्या गरिएको छ, त्यहाँनिर पुग्दा आँखा अडिएका छन् ।

'बफर' अर्थात् मध्यवर्तीय राज्य भनेर नेपालको नौलो परिचय दिएका कारण सरोकार वालाहरू झस्किएका छन् । नेपालको इतिहास र क्षेत्रीय भूगोलको अध्ययन विना नै यसका मस्यौदाकारले शब्द चयन गरेका हुन् भन्ने कुरा छर्लङ्ग बुझिन्छ । साथै, शक्तिशाली पुल (भाइब्रेन्ट ब्रिज)को अवधारणाले पनि सोही तथ्य प्रतिबिम्बित गर्दछ । कसरी भनेर थाहा पाउन विगत र वर्तमानमा एकपटक झल्को दिउँ, त्यसपछि छर्लङ्ग भइन्छ ।

इतिहास लेखन शुरु हुनुभन्दा अगाडिदेखि नै नेपालको तिब्बत र दक्षिणी राज्यहरूसँग बहुआयामिक सम्बन्ध थियो । नेपालका उत्पादनहरू जस्तै कि कस्तूरी, फलाम, ताँवो, मृगचर्म, राडीपाखी, तामा, कम्बल आदिका प्रसिद्धि दक्षिणी राज्यहरू हुँदै अरबसम्म पुगेको अरबी भाषाको पुस्तकमा पनि उल्लेख छ । नेपाल-तिब्बत-चीन सम्बन्ध विकासका लागि, नेपालमा जन्मिएका गौतम बुद्धको दर्शनको पनि योगदान छ ।

ईसापूर्वकालमा चीनबाट मञ्जुश्री अनि विभिन्न समयमा तिब्बतबाट सात बुद्ध धार्मिक प्रयोजनका लागि नेपाल आएको उल्लेख छ । किराँतकालमा महाभारतको युद्धमा पनि नेपालले आफ्नो स्वतन्त्र निर्णय लिएको थियो । राजा नरेन्द्रदेवले तिब्बतका सम्राट श्रोङचोङ गम्पोको उत्तरी भारतको सैनिक अभियानलाई राम्रै सहयोग पुऱ्याएका थिए । नेपालको बाटो भएर चिनियाँ भिक्षुहरू भारत भ्रमण गर्ने क्रममा हर्षवर्धनका मन्त्री अरुणाश्वरद्वारा लुटिनु पर्दा नरेन्द्रदेवले ७००० अश्वारोही सेना खटाई अरुणाश्वरलाई बन्दी बनाएर चीन पठाएका थिए ।

आठौं शताब्दीमा नेपालले नै भारतीय दक्षिणी राज्यहरू र तिब्बत बीच मैत्री सूत्र बाँध्ने काम गरेको थियो । दक्षिणी राज्यका बौद्ध भिक्षु शान्ति रक्षित र पद्मसम्भवलाई बौद्ध धर्मको व्याख्या गर्न नेपालले नै तिब्बत पठाएको थियो । अनन्तश्री, सुमनकृति जस्ता नेपाली बौद्ध भिक्षुहरूले तिब्बत पुगेर बौद्ध धार्मिक ग्रन्थहरूलाई स्थानीय भाषामा अनुवाद गरे र चीनसम्म प्रचारप्रसार पनि गरे ।

नेपाली कालिगड बलबाहु अरनिकोले तिब्बत, चीन, मंगोलिया, इन्डोनेसियासम्म नेपालको वास्तुकला मार्फत प्रसिद्धि कमाए । उनले चिनियाँ बादशाहको तर्फबाट महत्वाकांक्षी पद प्राप्त समेत गरी चिनियाँ जनमानसमा नेपालको बारेमा राम्रो छाप छोड्न सफल रहे ।

पछि सत्रौं शताब्दीमा गोरखाका राजा राम शाहले तिब्बतमा आन्तरिक अशान्ति फैलिएको समयमा केरुङ कब्जा गरी आर्थिक उपलब्धिहरू हासिल गरे । नेपालले समय-समयमा तिब्बतमा हमला गर्ने, आर्थिक स्वार्थ पूरा गर्ने कामहरू गर्ने गर्थ्यो । तिब्बतको व्यापारमा कुनै समय नेपालको एकाधिकार नै थियो ।

दोस्रो पटक गोरखाका राजा नरभूपाल शाहद्वारा केरुङ कब्जा, काठमाडौंका राजा प्रताप मल्लका पालामा काजी भीम मल्लद्वारा कुती आक्रमण, कब्जा र सन्धि समापन भएपछि तिब्बतले नेपाली व्यापारीहरूलाई विशेष सुविधा पनि दियो, नेपाली व्यापारीले तिब्बतमा कोठी सञ्चालन गरे । नेपालले तिब्बतलाई कुती र केरुङ मार्गबाट मात्र अन्य मुलुकसँगको व्यापार गर्नुपर्ने बाध्यता सिर्जना गरिदियो । यसरी नेपाल, तिब्बत र भारतीय राज्यहरू बीच केन्द्र बन्न सफल रह्यो ।

तिब्बतले आफ्नो देशमा चल्ने टक/पैसा नेपालमा छाप्न सुन र चाँदी पठाउँथ्यो । नेपाल आर्थिक केन्द्रका रूपमा रहेकाले काठमाडौं, भक्तपुर र ललितपुरको सम्पन्नता तत्कालीन समयको वास्तु, कला, मन्दिर, दरबार-क्षेत्र आदिबाट प्रशस्तै झल्किन्छ । १८औं शताब्दीसम्म ब्रिटिस भारतले, नेपाल-तिब्बत बीच युद्ध किन हुन्छ भनेर अन्दाज समेत लगाउन सकेको थिएन, किनभने नेपाल विश्वसँग अलगथलग भएर बसेको थियो, विदेशीले मेसो पाएका थिएनन् । यसभन्दा अगाडिसम्म नेपाल धार्मिक र आर्थिक दुवै क्षेत्रमा तिब्बत र दक्षिणी भारतीय राज्यहरूलाई जोड्ने मियो भएको मान्न सकिन्छ ।

राणाकालीन नेपालमा जङ्गबहादुर राणाले सन् १८५४ मा तिब्बत आक्रमण गरेर नेपाल-चीन बीच भएको बेत्रावती सन्धिलाई निष्क्रिय बनाइदिएका थिए । सन् १८५६ को थापाथली सन्धिपछि तिब्बतले नेपाललाई वार्षिक तिरो तिर्न पनि बाध्य भयो ।

२०औं शताब्दीको सुरुआतमा चन्द्रशमशेरले पनि राष्ट्रिय हितबाट प्रेरित भएर तिब्बतसँगको सन्धि (तिब्बतप्रतिको प्रतिबद्धता) भङ्ग हुने गरी ब्रिटिस इन्डियालाई ल्हासा छिर्न सहयोग गरे, ब्रिटिसहरू ल्हासामा छिरे, दलाई लामा रूस भाग्नु परेको थियो ।

सन् १८८३ मा तिब्बतमा नेपाली व्यापारीहरू लुटिएको झगडामा चीनले मध्यस्थता गरेर नेपालको पक्षमा सन्धि गराएको थियो, समय-समयमा नेपालको प्रतिष्ठामा बल पुगिनै रह्यो । त्यसपछि भने तिब्बतले सिक्किमतर्फ पनि नाका खोलेपछि नेपाल मार्फत मात्र हुने क्षेत्रीय व्यापारको विकल्प खुलेको हो । तर पनि सन् १९१२ को चीन-तिब्बत सैर्षमा नेपालले नै मध्यस्थता गरिदिनका लागि बेलायतले नेपाललाई अनुरोध गर्नु परेको र नेपालले आफ्नो भूमिका खेलेको इतिहास छ ।

पञ्चायतकालको अन्त्य हुँदासम्म संयुक्त राष्ट्रसैमा, असंलग्न आन्दोलनमा र क्षेत्रीय संगठनमा नेपालको सक्रिय भूमिकाका कारण नेपालको अन्तर्राष्ट्रिय छवि उचाइमा पुगेको थियो । नेपालले भूपरिवेष्ठित मुलुकका हकका लागि मात्र होइन, सामुद्रिक कानून निर्माण, तटीय राज्य, वैश्विक आर्थिक व्यवस्था आदिका लागि पनि आवाज उठायो । हिन्द महासागरलाई शान्ति क्षेत्र घोषणा गराउन सक्रिय सहयोग गऱ्यो ।

संयुक्त राष्ट्रसैको शान्ति सेनामा नेपालको योगदानबारे धेरै बताइरहनु नपर्ला । अन्य मुलुक जान हिच्किचाएर पछिहटेका बेलामा, नेपाली सेना मात्र शान्ति सेनाको रूपमा जोखिमपूर्ण, त्रासयुक्त स्थलहरूमा शान्ति स्थापनाका लागि होमिन पुगेको इतिहास पनि छ । यति गौरवशाली इतिहास बोकेको यो प्राचीनतम मुलुक नेपाल, विश्वकै प्राचीन मुलुक हुनसक्छ तर कसैको 'बफर' हुन सक्दैन ।

'बफर' शब्द आफैंमा नेपालका लागि अपमानजनक ठहरिन्छ । आकारमा धेरै ठूलो नरहेको मुलुकले पनि विश्व शान्तिमा योगदान गर्ने र नेतृत्व लिने (नेपालले शान्ति क्षेत्र प्रस्तावको अभियान चलाएको समयमा)काम गर्न सक्ने रहेछ भनेर अन्तर्राष्ट्रिय मञ्चमा विश्लेषण भएको कूटनीतिज्ञहरूले बताउँदै गर्दा, हामी आफ्नै मुलुकका लागि सही शब्द छान्न पनि असमर्थ भएका हौं ?

बफर राज्य भनेको पश्चिमाहरूको परिभाषा हो । एक सानो उदाहरण १९औं शताब्दीमा जर्मनको एकीकरणको बखतमा, बिस्मार्कले बभेरिया लगायत राज्यलाई मध्यवर्तीय राज्यका रूपमा रणनीतिक ढङ्गले उपयोग गरेका थिए । दोस्रो विश्वयुद्धपछि जन्मिएको मुलुक इजरायलका कारण शुरु भएको पश्चिम एशियाको द्वन्द्वका कारण, दक्षिणी लेबनान लिटानी नदीसम्म मध्यवर्तीय क्षेत्र (बफर)का रूपमा मानियो । इजिप्ट र इजरायलको युद्धका बेलामा सिनाइ पेनिन्सुला लामो समय मध्यवर्तीय क्षेत्रको रूपमा स्थापित भएको थियो ।

पश्चिमाहरूको यो परिभाषाको कुनै पनि मापदण्डसँग मेल खाने अवस्था नेपालको हकमा कहिल्यै मेल खायो ? कूटनीतिक भूमिकाद्वारा द्वन्द्वरत सँधियार छिमेकी मुलुकहरूलाई जोड्ने, मध्यस्थता गरिदिने जस्ता काम पनि नेपालले गरेको छैन । फेरि भारत र चीन साम्राज्यवादी युगका जस्ता शत्रु मुलुक पनि होइनन् जसका बीच नेपाल भूराजनीतिक चकटी (कुशन) बन्न परोस् । तर वर्तमान वा भविष्यमा फेरि माथिकै जस्तो गरी गौरवशाली इतिहास दोहोरिने र आर्थिक क्षेत्रमा नेपाल भाइब्रेन्ट ब्रिज (शक्तिशाली पुल) बन्ने सम्भावना भने शतप्रतिशत छैन । भाइब्रेन्ट ब्रिज भन्ने बित्तिकै यो आर्थिक क्षेत्र र वाणिज्यसँग सम्बन्धित हुन्छ ।

भारत र चीन बीचको सम्बन्ध बहुआयामिक छ । नेपाल र चीन बीचमा वा नेपाल र भारतको बीचमा जति व्यापारिक सम्बन्ध छ, त्योभन्दा धेरै भारत र चीनको बीचमा छ । भाइब्रेन्ट ब्रिजको अवधारणा (कनेक्टिभिटी) यातायात तथा सञ्जालसँग पनि जोडिन्छ । यी दुई मुलुक स्थल मार्ग तथा जलमार्ग, दुवै माध्यमबाट जोडिएका छन् । जब नेपालकै मार्ग भएर व्यापार गर्नुपर्ने बाध्यता यी दुई मुलुकको बीचमा नभएपछि भाइब्रेन्ट ब्रिजको परिकल्पना केका लागि ?

कल्पनामा रमाउने र सपनामा भुलाउने भन्दा पनि, अन्तर्राष्ट्रिय संगठनहरूसँग आबद्ध भइसकेका अनुभवी व्यक्तिले अर्थ मन्त्रालयको जिम्मा पाइसकेपछि, आर्थिक कूटनीतिको नारा बोकेको यो सरकारले यथार्थको धरातलमा टेकेर नेपाललाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने लक्ष्यमा केन्द्रित हुनुपर्छ । सृजनशील अवधारणा, योजनाहरू अगाडि आउनुपऱ्यो । भाइब्रेन्ट ब्रिजका नाममा अन्य दुई देशहरूलाई जोड्ने विषयमा किन बरालिने ? के परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालय बीच छलफल र अध्ययनको अभाव भएको हो ?

*(साभार: अनलाइनखबर)*

# मनरो डक्ट्रिनदेखि साना राष्ट्रको कूटनीतिक यथार्थसम्म

✍डा. चूडाप्रसाद ढकाल

असंलग्न नीतिले स्वतन्त्रताको दाबी गर्छ, तर रणनीतिक दबाबले सधैँ परीक्षा लिन्छ । नेपालले सन्तुलन खोज्दा पनि प्राय: एउटा पक्षको दबाब बढी पर्छ।

इतिहासमा शक्तिशाली राष्ट्रहरूका सिद्धान्त सधैँ रक्षाको भाषामा जन्मिन्छन् र विस्तारको औजार बनेर बाँच्छन् । दुई सय वर्षअघि बेलायतले जे गऱ्यो, आज रुस, चीन र अमेरिका सबैले फरक नाममा त्यही दोहोऱ्याइरहेका छन् । यस्तो संसारमा नेपाल जस्ता साना राष्ट्र कसरी उभिन्छन् ? सन्तुलनको दाबी गर्दागर्दै पनि के त्यो साँच्चिकै सन्तुलन हो, कि बाध्यताले थोपरेको समायोजन मात्र ? सन् १८२३ डिसेम्बर २ मा अमेरिकी राष्ट्रपति जेम्स मनरोले संसद्मा घोषणा गरे- युरोपेली शक्तिहरू अमेरिकी महादेशमा फर्केर उपनिवेश नबनाऊन् र अमेरिका पनि युरोपका झगडाबाट टाढा रहनेछ । यो घोषणा त्यतिबेला एउटा कमजोर युवा राष्ट्रको रक्षात्मक आवाज थियो ।

त्यस राष्ट्रले ठूला शक्तिका हातबाट आफ्नो अस्तित्व जोगाउन खोजेको थियो । तर इतिहासको चालले यसलाई चुपचाप परिवर्तन गरिदियो । केही दशकमै यो अमेरिकी प्रभाव विस्तारको वैचारिक आधार बन्यो । स्पेन र पोर्चुगलका उपनिवेशहरू स्वतन्त्र भएपछि अमेरिकाले ल्याटिन अमेरिकालाई आफ्नै आँगनझैँ ठान्यो र बाहिरी हस्तक्षेप रोक्ने नाममा आफैँ हस्तक्षेप गर्न थाल्यो । यो परिवर्तनको तर्क स्पष्ट थियो- शक्ति बढ्दै जाँदा रक्षाको भाषा प्रभुत्वमा बदलिन्छ र सिद्धान्तहरू स्वार्थको आवश्यकताअनुसार मोडिन्छन् । नैतिकताभन्दा रणनीतिक हितले सधैँ जित्छ । अमेरिकाले त्यही सिक्यो र व्यवहारमा उताऱ्यो । क्युबा सङ्कटदेखि क्यारेबियनका साना टापु राष्ट्र ग्रानाडासम्म यही तर्क दोहोरियो । ल्याटिन अमेरिकाका झन्डै २० देशहरूले बाहिरी हस्तक्षेप रोक्ने अमेरिकी दाबीलाई स्वीकार्दा आफैँ त्यही प्रभावमा परे ।

यो परिवर्तन अमेरिकामा मात्रै सीमित रहेन । मनरो डक्ट्रिनको मूल भावना एउटा क्षेत्रलाई आफ्नो प्रभावमा राख्ने हो र आज विश्व राजनीतिमा यही भावना नयाँ नाममा दोहोरिरहेको छ । अमेरिका नाटोमार्फत पूर्वी युरोपमा सक्रिय छ र रुसले यसलाई आफ्नो छिमेकमा हस्तक्षेप ठान्छ । चीन दक्षिण चीन सागरका टापुहरूमा दाबी गर्दै छ र अमेरिका यसलाई आफ्नो राष्ट्रिय हितविपरीत ठान्छ । रुसले युक्रेनमा कारबाही गर्दा पनि यही तर्क दिइन्छ– यो हाम्रो क्षेत्र हो, बाहिरी शक्तिहरू नछिरून् । कुनै बेला सैन्य गठबन्धनले आफ्नो बाहुपासमा कस्दै लैजान्छ त कुनै बेला आर्थिक ऋणले परनिर्भरता बढाउँछ । कुनै बेला सुरक्षा चासोले दबाब दिन्छ ।

प्रभाव क्षेत्र कागजमा लेखिँदैन, तर व्यवहारमा नक्साका भन्दा कडा सीमाहरू कोरिन्छन् । नाम फरक छ, तर आत्मा उही बाँचिरहन्छ । आजका शक्तिराष्ट्रहरूले पुरानो सिद्धान्त नदोहोऱ्याई नयाँ नाममा त्यही काम गरिरहेका छन् । युरोपेली उपनिवेशवाद सकिए पनि प्रभाव क्षेत्रको सोच जीवित छ । यस्तो विश्व व्यवस्थामा साना राष्ट्रहरूको स्थान के हुने ? उनीहरूले कस्तो व्यवहार अपनाउने ? नेपाललाई प्राय: भारत र चीनबीचको देश भनिन्छ, तर यो भनाइ पर्याप्त छैन । नेपाल सक्रिय रणनीतिक खेलाडी हो कि ठूला शक्तिका चालहरूको प्रतिक्रियामा मात्र अल्झिएको छ ?

लिपुलेक र कालापानी विवादमा नेपालसँग ऐतिहासिक प्रमाण छन्, तर वार्ताको बाटो दशकौँदेखि एकतर्फी धैर्यमा अडिन बाध्य छ । 'बेल्ट एन्ड रोड इनिसिएटिभ' जस्ता पूर्वाधार परियोजनामा चिनियाँ लगानी बढ्दा भारतीय चासो सक्रिय हुन्छ । अमेरिकी सहयोग एमसीसीमा बहस हुँदा एउटा छिमेकीले अस्वीकार्य ठान्छ, अर्कोले अवसर देख्छ । पन्ध्रौँ पञ्चवर्षीय योजनामा भारतसँगको जलविद्युत् निर्यात र चीनसँगको पारवहन सुविधा दुवैलाई समेटेर सन्तुलन खोज्ने प्रयास देखिन्छ, तर व्यवहारमा यो प्रतिक्रिया मात्र हो । किनकि आर्थिक निर्भरता उच्च छ । भारतसँगको व्यापार कुल व्यापारको झन्डै ६३ देखि ६४ प्रतिशत छ र चीनको लगानी द्रुत गतिमा बढ्दै छ । यी कुराहरूले निर्णय क्षमतालाई क्रमश: सीमित तुल्याउँछन् ।

असंलग्न नीतिले स्वतन्त्रताको दाबी गर्छ, तर रणनीतिक दबाबले सधैँ परीक्षा लिन्छ । नेपालले सन्तुलन खोज्दा पनि प्राय: एउटा पक्षको दबाब बढी पर्छ । यो सन्तुलन हो वा बाध्यताले थोपरेको समायोजन ? नेपालको अवस्था हेर्दा उत्तर सहज छैन । यही पृष्ठभूमिमा स्वर्णिम वाग्लेले २०८१ साउन १५ गते संसद्मा बोल्दै भने, 'मनरो डक्ट्रिन सोझै लागू नहोला, तर यसको अर्थ बुझ्नुपर्छ ।' यो भनाइले यथार्थवादी दृष्टिकोण औँल्यायो तर तुरुन्तै विवाद पनि निम्त्यायो । शक्ति असन्तुलनको इतिहास बोकेको यस्तो संवेदनशील अवधारणा सार्वजनिक रूपमा प्रयोग गर्दा शब्द चयनमा अत्यन्त सावधानी चाहिन्छ । बौद्धिक पृष्ठभूमिका नेताले बुझ्नुपर्छ भनेपछि केहीले प्रभाव स्वीकार्ने सङ्केत ठाने, केहीले राष्ट्रिय चेतावनी ।

समस्या सामग्रीमा मात्र होइन, प्रस्तुतिको अस्पष्टतामा पनि छ । स्पष्ट व्याख्या नदिई यस्तो विषय उठाउँदा अनावश्यक शङ्का बढ्छ र राष्ट्रिय बहस विभाजित हुन्छ । सार्वजनिक बौद्धिकले जिम्मेवारीबोधसहित बोल्नुपर्छ, किनकि शब्दहरूले निद्रा बिगार्न सक्छन् । वाग्लेको भनाइले बहस त जगायो, तर राष्ट्रिय संवेदनशीलताको मापदण्ड बिर्सियो । तर वाग्लेको भनाइ पूर्णत: गलत भने थिएन । विश्व राजनीति आदर्शवादले चल्दैन, शक्ति संरचनाले चलाउँछ । नेपालले पनि छिमेकीहरूको क्षेत्रीय रणनीति बुझ्नुपर्छ । भारतको 'छिमेक पहिलो' नीतिले दक्षिण एसियालाई आफ्नो प्रभावमा राख्न खोज्छ । चीनको पूर्वाधार लगानीले निर्भरता सिर्जना गर्छ । यो कुरा बुझ्नु आवश्यक छ । तर यहाँ एउटा विपरीत दृष्टिकोण देखा पर्छ- के यस्तो यथार्थवादले साना राष्ट्रलाई बिस्तारै समर्पणतिर धकेल्छ ?

ठूला शक्तिका प्रभाव क्षेत्रलाई अनिवार्य यथार्थ मानेर समायोजन गर्दा स्वाधीन निर्णय क्षमता क्रमश: कमजोर हुन्छ । ल्याटिन अमेरिकी देशहरूले अमेरिकी प्रभाव स्वीकार्दा कति स्वतन्त्र बाँचे भन्ने कुरा क्युबा, भेनेजुएला वा निकारागुवाको इतिहास हेरे पुग्छ । नेपालका लागि पनि यही बाटोले बाह्य दबाबलाई राष्ट्रिय हितभन्दा प्राथमिक बनाउन सक्छ । यथार्थ बुझ्नु आवश्यक छ, तर आफ्नै सीमारेखा कायम राख्नु अझ बढी जरुरी छ । यो सन्तुलन सजिलो छैन: अत्यधिक समायोजनले निर्भरता निम्त्याउँछ, अत्यधिक दूरीले अवसर गुमाउँछ ।

नेपालले यो द्वन्द्वलाई कसरी सम्बोधन गरोस् ? यहाँ दुईवटा कुरा छुट्याउनु जरुरी छ: सन्तुलनमा हुन सिक्नु र सन्तुलनमा हुन सक्नु । सिक्नु भनेको बुझाइ हो, मानसिकता हो । सक्नु भनेको क्षमता हो, आर्थिक र संस्थागत बलको कुरा हो । नेपालले वर्षौँदेखि सिक्न खोज्यो, तर सक्ने जग बनाउन चुक्यो । असंलग्न नीतिको दाबी गर्दागर्दै आन्तरिक आर्थिक निर्भरता घटेन, राजनीतिक स्थिरता आएन र संस्थाहरू बलिया भएनन् । यसैले बाह्य दबाब आउँदा सिद्धान्त होइन, बाध्यताले निर्णय गऱ्यो । मनरो डक्ट्रिनले सिकाउने कुरा यही हो । जब शक्ति संरचना परिवर्तन हुन्छ, त्यो क्षण साना राष्ट्रका लागि आफ्नो जग बलियो बनाउने अवसर हो । पर्यटन, जलविद्युत् र उत्पादनशील अर्थतन्त्रमा लगानी गरेर आर्थिक विविधीकरण गर्न सकिन्छ । क्षेत्रीय मञ्चहरूमा सक्रिय भूमिका खेल्न सकिन्छ ।

राष्ट्रिय सहमतिमा आधारित दीर्घकालीन परराष्ट्र नीति बनाउन सकिन्छ । यी सबैका लागि पहिले इच्छाशक्ति चाहिन्छ । जनताले यो बुझेको दिन उनीहरू जुनसुकै सरकारलाई पनि सही दिशा देखाउन सक्ने हैसियतमा हुनेछन् । त्यो हैसियत बनाउनु नै आजको सबैभन्दा ठूलो राष्ट्रिय आवश्यकता हो । यो प्रश्न नेपालका लागि मात्र होइन, सबै साना राष्ट्रहरूका लागि हो । यदि खेलका नियम शक्तिशालीहरूले बनाउँछन् भने साना खेलाडीहरूका निर्णय कति स्वतन्त्र हुन सक्लान् र ती निर्णयले साँच्चै राष्ट्रिय हित जन्माउँछन् कि केवल अस्तित्व टिकाउने यत्न गर्छन् ? यो प्रश्नको उत्तर सजिलो छैन, तर सोच्नु जरुरी छ । किनकि नदेखिने सीमाहरूले हाम्रो भविष्य कोर्छन् । सिक्नु मात्र पुग्दैन, सक्नुपर्छ र सक्नका लागि अहिले नै सुरु गर्नुपर्छ । यो नै मनरो डक्ट्रिनले दुई सय वर्षपछि पनि सिकाउने सबैभन्दा गहिरो पाठ हो ।

*(साभार: रातोपाटी)*

# भाषामा लगानी उपलब्धिमूलक बन्नुपर्छः मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले भाषामा गरिएको लगानी बालुवामा पानी खन्याए जस्तो हुननहुने बताएका छन् ।

प्रदेश भाषा दिवस, २०८३ को सन्दर्भमा सरोकारवालासँग अन्तरक्रिया तथा पत्रकार सम्मेलनमा उनले यो कुरा बताएका हुन् । मन्त्री श्रेष्ठले भाषा संरक्षण एवम् प्रवर्द्धनका लागि घरदेखि नै पहल हुनुपर्ने भनाइ राखे । 'भाषा प्रवर्द्धन र रक्षाको लागि हामीबाटै सुरु गर्नुपर्छ । यसको लागि राज्यले लगानी गरिरहने, उपलब्धि चाहिँ शून्य हुने । मैले जे बुझें त्यही बोलेँ है, मन्त्रालयले करोडौँ लगानी गर्दा कमसेकम एक वर्षमा कति प्रतिशतले नेवारी लेखन सिके ? कति तामाङ लेखन सिके ? भन्ने त्यसको तथ्य र तथ्यांक मन्त्रालयमा पेस हुनुपर्छ । मन्त्रालयले लिनु पनि पर्छ जस्तो लाग्छ' मन्त्री श्रेष्ठले भने ।




बागमती प्रदेशमा नेवार र तामाङ भाषा सरकारी कामकाजको भाषाको रुपमा प्रयोग हुँदै आएको छ । उनले भाषा कार्यान्वयनमा नेवा देय् दबू: र नेपाल तामाङ घेदुङसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'हामीले गरेको लगानी ठीक ठाउँमा हुनुपर्छ । त्यसको लागि परिणाम निकाल्नुपर्छ । कला, भाषा, संस्कृति जोगाउने काममा बागमती प्रदेश सरकार तपाईहरुको माग पूरा गर्न, तपाइको समस्या समाधान गर्न तयार छ ।' मन्त्रालयका सचिव दिपेन्द्र सुवेदीले भाषा संरक्षण, प्रवर्द्धन एवम् कार्यान्वयनका सन्दर्भमा गत आर्थिक वर्ष दुई करोड भन्दाबढी बजेट विनियोजन भएको जानकारी दिए ।

उनकाअनुसार नेपाली, तामाङ र नेपाल भाषामा त्रैमासिक बुलेटिन प्रकाशनका लागि आठ लाख, तामाङ र नेपाली भाषा अनुवाद सफ्टवेयर निर्माण खरिदमा २० लाख, प्रदेश भाषा स्मारिका प्रकाशनमा पाँच लाख, भाषा संस्कृति कला सम्पदाको प्रवर्द्धन तथा जगेर्णाका लागि एनिमेटेड कार्टुन निर्माणमा ४५ लाख, भाषा ऐन कार्यान्वयन तथा भाषा दिवस कार्यक्रम सञ्चालनका लागि २८ लाख रुपैयाँ बजेट विनियोजन तथा कार्यक्रम भएको छ ।

यसैगरी, नेवा देय् दबू: र नेपाल तामाङ घेदुङ केन्द्रीय कार्यसमितिसँगको सहकार्यमा प्रदेश सरकारी कामकाजको भाषा ऐन कार्यान्वयन कार्यक्रममा २८ लाख, अनुसन्धान बापत १० लाख, प्रशिक्षण सञ्चालन २८ लाख, संस्कृति पाली र मगर भाषा प्रशिक्षणमा ३३ लाख ८० हजार, बालबालिकामा मातृभाषा प्रवर्द्धनका लागि पाठ्यसामग्री विकासमा १४ लाख र बागमती प्रदेश साहित्य सम्मेलन, बाल साहित्य सम्मेलन र लेखक सम्मेलनका लागि २७ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको उनको भनाइ छ ।

उनका अनुसार यसवर्ष तेस्रो प्रदेश भाषा दिवस बागमती प्रदेशका मुख्यमन्त्रीको प्रमुख आतिथ्यतामा भक्तपुरमा मनाइने छ । भक्तपुरको दुधपाटीमा बिहान ८ बजे प्रभातफेरी हुने र कमलविनायक हुँदै स्वप बैंक्वयटमा मूल समारोह आयोजना हुने उनको भनाइ छ । भाषाविद् डा. लोकबहादुर लोप्चनले मातृभाषालाई शिक्षा र पत्रकारितासँग जोड्न सक्नुपर्ने भनाइ राखे । पर्यटन कार्यालय काठमाडौँका कार्यालयप्रमुख पवनकुमार पोखरेलले बागमती प्रदेशभित्र बोलिने सबै मातृभाषाको अपनत्व हुने गरी प्रदेश भाषा दिवस मनाउनुपर्ने बताए ।

कार्यक्रममा, नेवा देय् दबू: का महासचिव श्रीकृष्ण श्रेष्ठ, नेपाल तामाङ घेदुङ केन्द्रीय कार्यसमितिका उपाध्यक्ष सन्चु ब्लोनतामाङ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का कोषाध्यक्ष अर्जुनबहादुर तामाङलगायतले मातृभाषालाई सरकारी कामकाजको भाषा कार्यान्वयनका सन्दर्भमा आवश्यक ऐन र कार्यविधि निर्माण गर्न पहल गर्नुपर्नेमा जोड दिए ।

# बैकुण्ठमा सकियो ऐतिहासिक घाटुनाच

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ मकवानपुरको कैलाश गाउँपालिका-२ बैकुण्ठमा ऐतिहासिक घाटुनाच मेला सकिएको छ । शुक्रबार र शनिबार दुईदिन घाटुनाच मेला भएको हो ।

मेलासँगै घाँसेगीत तथा तामाङ फापरे हृवाई प्रतियोगिता भएको थियो । मुख्यत: गुरुङ समूदायले मनाउने घाटुनाच पछिल्लो समय तामाङ र मगर समूदायले पनि मनाउन थालेका छन् । घाटुनाच मेला बैकुण्ठमा प्रत्येक वर्ष मनाइने गरिन्छ




घाटुनाच पारस्परिक नृत्यसँग जोडिएको हुन्छ, कुमारीहरुले यो नृत्य गर्ने गर्दछन् । नाच सुरु हुनुअघि पूजाआजा गरेर अनुमति लिने गरिन्छ । नृत्य सुरु भएपछि निश्चित समयसम्म निरन्तर चलिर हने जनाइएको छ ।

घाँसेगीत र तामाङ फापरे हृवाई प्रतियोगिताले तामाङ समूदायको रीतिरिवाज, परम्परा र कलासंस्कृतिको जगेर्ना गर्ने गर्दछ । घाँसेगीत प्रतियोगितामा १८ वटा समूहले सहभागिता जनाएका थिए । जसमा पशुपति गिरी र चिनु चौहान प्रथम, मीना रिजाल र मैयाँ खत्री द्वितीय, विदुर गिरी र शंकर गिरी तृतीय र कलावती घिमिरे र बेलीमाया दियाली सान्त्वना भएका छन् । उनीहरुलाई क्रमश: २५ हजार, १५ हजार, १० हजार र ५ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

फापरे हृवाई गीतमा राममाया स्याङ्बोलाई २५ हजार नगद सहित पुरस्कृत गरिएको थियो । मेला व्यवस्थापन समितिका संयोजक रासुदेव स्याङ्तानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा मेला भएको हो ।

अध्यक्ष मुक्तान र गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले पुरस्कृत हुनेलाई नगद र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा अध्यक्ष मुक्तानले गाउँपालिकाभित्र मनाइने विभिन्न पर्व र मेलालाई संरक्षण र प्रवर्द्धन गर्दै आइरहेको बताए । विगतका वर्षझैं यस घाटुनाच मेलामै तामाङ कलासंस्कृति जगेर्ना गर्नका लागि घाँसेगीत र तामाङ फापरे हृवाई गीत प्रतियोगिता राखिएको उनले बताए ।

जहाँ घाटुनाच गुञ्जिन्छ, त्यहाँ संस्कृति बोल्छ र परम्परा जिउँदो रहने अध्यक्ष मुक्तानले बताए । 'नाचले गाउँ, समाज र पुस्ताबीचको सम्बन्धलाई बलियो बनाउनुका साथै देवीदेउताप्रतिको श्रद्धा र लोककथाको मिठास मिसिएको अनुपम प्रस्तुती हो' उनले भने । नाचमा गुरुङ समूदायको इतिहास, आस्था र पहिचान रहेको छ । 'सबै धर्म, जात विशेष पर्व, परम्परागत जात्रा मेलालाई गाउँपालिकाले संरक्षण र प्रवर्द्धन गर्दै आइरहेका छौं, हामीले यी पर्व र मेला संरक्षण गरेनौं भने लोप भएर जानपनि सक्छ । यसका लागि स्थानीय सरकारको तर्फबाट आवश्यक बजेट विनियोजन गरी यस ऐतिहासिक विविधता भएको कैलाश गाउँपालिकाभित्रका मेला, पर्व, धर्म र संस्कृतिलाई जगेर्ना गर्नेछ' उनले भने ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मल्लले गाउँपालिकाभित्र रहेका सम्पूर्ण कला, भाषा, संस्कृति, विभिन्न पर्वको प्रवर्द्धन र संरक्षण गरिनुपर्ने सबैको दायित्व रहेको बताए । घाटुनाच पुस्तौंदेखि संस्कृति हस्तान्तरण गर्ने अमूल्य माध्यम बनेको बताए । यसलाई युवापुस्तामा हस्तान्तरण गरी परम्परालाई जोगाउने जिम्मेवारी सबैको रहेको उपाध्यक्ष मल्लले बताए । कार्यक्रममा वडा २ का अध्यक्ष राजेन्द्र घिसिङ, वडा नम्बर ९ का अध्यक्ष भूवनसिंह घलान, कार्यपालिका सदस्य दिलमाया प्रजा, वडा २ का सदस्यद्वय फूलमाया सुनार र सूर्यबहादुर स्याङ्तानलगायतको आतिथ्यता रहेको थियो ।

# नेपाल-भारत सीमा विवाद: संवादको ढोका खोल्ने अवसर

काठमाडौं/नेपाली भूमि लिपुलेक हुँदै भारतले कैलाश मानसरोवर यात्रा खुला गरेपछि नेपाल सरकारले बिहीबार वैशाख २० दुवै छिमेकीलाई कूटनीतिक नोट पठायो । नोट पठाएको सार्वजनिक भएको केही बेरमै भारतले प्रतिक्रिया जनायो । भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले लिपुलेक पास हुँदै जाने कैलाश मानसरोवर यात्रा सन् १९५४ देखि निरन्तर चलिरहेको पुरानो मार्ग भएको र यो कुनै नयाँ विषय नभएको दाबी गरे ।




भारत र चीन बीच १९५४ मा भएको 'सिनो-इन्डियन एग्रिमेन्ट' मा दुई देशका तीर्थालुहरूको यात्रासम्बन्धी केही प्रावधान उल्लेख छन् । सम्झौतामा तीर्थयात्री र व्यापारीहरूले लिपुलेक पास लगायतका बाटो प्रयोग गर्न सकिने भनिएको छ ।

भारत र चीनले नेपाली भूमि लिपुलेक पास प्रयोग सम्बन्धी सम्झौता गर्दा नेपालको उत्तरी छिमेकी चीनसँग दौत्यसम्बन्ध स्थापित भएकै थिएन । दुई देशबीचको औपचारिक सम्बन्ध १९५५ अगस्टमा शुरु भएको थियो । तर नेपाल र भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धी अनुसार लिपुलेक पास मात्र होइन लिम्पियाधुरा सम्म नेपाली भूभाग हो । सुगौली सन्धिमा काली (महाकाली) पूर्वका सबै भू-भाग नेपालको हुने उल्लेख छ । कूटनीतिक मामिलाका जानकारहरू नेपालले कुन-कुन देशबीच कहिले के-के सम्झौता भएको भन्नु भन्दा पनि कुन भूमि आफ्नो हो भन्नेमा जोड दिनुपर्ने बताउँछन् ।

'नेपाली भूमि प्रयोगको विषयमा अरु देशले हामीले यति सालमा यस्तो सम्झौता गरेका थियौं भन्नुको अर्थ छैन, मुख्य कुरा तथ्य र प्रमाणले लिपुलेक नेपालको हो भनिसकेपछि त्यो नेपालकै हुन्छ,' पूर्वराजदूत नीलाम्बर आचार्य भन्छन् ।

भारतको विदेश मन्त्रालयले भने जस्तो त्यतिबेलै तीर्थयात्रु आउजाउ गरेको रहेछ भने पनि त्यसैको आधारमा नेपाली भूमि अन्य देशको हुन नसक्ने जानकारहरू बताउँछन् । प्रवेश अनुमति लिनु नपर्ने भएपछि नेपालमा भारतीयहरू सजिलै आउजाउ गर्न सक्ने नै भए ।

भारतीय सुरक्षाकर्मी बस्दै आएको कालापानी लगायत भूमि आफ्नो भएको नेपालको दाबी छ । प्रयोगको मात्र आधारमा पनि नेपाली भूमिलाई विदेशीको हुन नसक्ने पूर्वराजदूत आचार्य बताउँछन् ।

सीमा सम्बन्धी विवादमा सबैले आ-आफ्नो तर्कमाथि पार्न खोज्नु नौलो विषय होइन । तर नेपाल र भारत दुवैले स्विकारेको एउटा तथ्य छ, नेपाल-भारतबीच दार्चुलाको कालापानी र नवलपरासीको सुस्तामा सीमा विवाद छ । विवाद छ भनिसकेपछि समाधान पनि खोज्नै पर्‍यो । नेपालले आइतबार दुवै देशलाई पठाएको कूटनीतिक नोट र भारतीय विदेश मन्त्रालयको जवाफ समाधान उन्मुख छ कि छैन भन्ने चर्चा गर्नुभन्दा पहिला नेपालले जारी गरेको चुच्चे नक्साको सन्दर्भ हेरौं । नेपालले लिम्पियाधुरा सहितको भूभाग समेटेर २०७७ मा जारी गरेको नक्साको सुरुआतकर्ता एक हिसाबले भारत हो । १६ कार्तिक २०७६ सर्वे अफ इन्डियाले सुगौली सन्धिको प्रावधान कुल्चेर भारतको आठौं राजनीतिक नक्सा जारी गर्‍यो । नक्सामा लिपुलेक, कालापानी, लिम्पियाधुरा लगायतका महाकाली पूर्वका नेपाली भूमिलाई भारततिर पारियो । त्यसमा असहमति जनाउँदै परराष्ट्र मन्त्रालयले २०७६ कार्तिक २० मा विज्ञप्ति निकाल्यो । त्यसमा भारतले एकपक्षीय रुपमा निकालेको नक्सा अस्विकार गर्ने उल्लेख छ ।

त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सर्वदलीय बैठक बोलाएका थिए । बैठक लिम्पियाधुरा मुहान भएकै नदी सुगौली सन्धिमा उल्लेखित काली (महाकाली) भएको निचोडमा पुग्यो । सर्वदलीय बैठक बसेको दुई दिनपछि कार्तिक २५ गते संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकले लिम्पियाधुरा सहितको नक्सा जारी गर्न निर्देशन दियो ।

त्यतिबेलासम्म पनि प्रधानमन्त्री ओलीले नक्सा जारी गर्न भन्दा पनि द्विपक्षीय समझदारीका लागि वार्ताको प्रयासमा थिए । कार्तिक महिनाभित्रै नेपालले तीन वटा कूटनीतिक नोट पठाएको थियो । यो विषयमा संवाद गर्न विशेष दूत पठाउने नेपालको प्रयास भारतको अरुचिका कारण सफल हुन सकेन ।

त्यही बीचमा भारतीय रक्षामन्त्री राजनाथ सिंहले नेपाली भूभाग अतिक्रमण गरेर बनाएको कैलाश मानसरोवर जाने सडक उद्घाटन गरेको सार्वजनिक भयो । अभियन्ताहरूले काठमाडौंस्थित भारतीय दूतावास घेराउ गरे । यसबीच नेपालले पटक पटक वार्ता र संवादका लागि प्रयास गर्‍यो । तर, नेपालको आग्रहलाई भारतले कोभिड-१९ महामारीलाई कारण देखाउँदै वास्ता गरेन । विवादकै बीचमा संसद्ले मन्त्रीहरूलाई नक्सा जारी गर्न दबाब दियो ।

त्यही बीचमा भारतीय सेना प्रमुखले नेपालमा भइरहेको विरोधलाई 'चिनियाँ उक्साहट' भन्न भ्याए । त्यसले आगोमा घ्यू थप्ने काम गर्‍यो । २०७७ जेठ २ मा बसेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सचिवालय बैठकले नक्सा निकाल्नु पर्ने निर्णय गर्‍यो । त्योसँगै राष्ट्रपतिद्वारा संसद्मा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा नक्साको विषय समेटियो ।

त्यसपछि सुगौली सन्धि लगायतका प्रमाण र ऐतिहासिक तथ्यको आधारमा सरकारले नक्सा जारी गर्‍यो । पछि सरकारको निशान छापमा राख्ने प्रयोजनका लागि संसद्ले संविधान संशोधन भयो । लिपुलेकलाई व्यापारिक र तीर्थयात्रु आउजाउको केन्द्र बनाउने विषयमा २०१५ मा भारत र चीनले सहमति गरेका थिए । कोभिड-१९ ले गर्दा बन्द रहेको नाका पुन: प्रयोग गर्न फेरि दुई देशले २०२४ मा सहमति गरे । गत अगस्टमा पनि उनीहरूले लिपुलेक हुँदै तीर्थयात्रु आवतजावत गर्ने घोषणा गरेको थियो । नेपालले संवाद र वार्तामार्फत समस्या समाधानका लागि गरेको पहललाई दुवै देशले वास्ता नगरेको जानकारहरू बताउँछन् ।

तर कालो बादलमा चाँदीको घेरा भने जस्तो भारतीय विदेश मन्त्रालयको जवाफमा भने सकारात्मक पक्ष लुकेको विज्ञहरूको विश्लेषण छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता जैसवालद्वारा जारी प्रेस नोटमा एकतर्फी दाबी मात्र छैन, भारत वार्ताका लागि तयार भएको समेत उल्लेख छ । जैसवालले सीमा समस्याहरू समाधान लगायतका द्विपक्षीय सम्बन्धका सबै विषयहरूमा भारत नेपालसँग संवाद र कूटनीतिक माध्यमबाट रचनात्मक अन्तर्क्रियाका लागि खुला रहेको उल्लेख गरेका छन् । भित्रैबाट भारत संवादका लागि तयार भएको हो भने यो सकारात्मक पक्ष हो ।

विज्ञहरू तीन वटै देशले यो विषयलाई कूटनीतक संवादमार्फत समाधानको मौका बनाउनु पर्ने बताउँछन् । भारतका लागि पूर्वराजदूत नीलाम्बर आचार्य नेपाल सरकारको अडान सकारात्मक रहेको र यसलाई संवादको अवसर बनाउनु पर्ने बताउँछन् । उनी भन्छन्, 'छिमेकीहरूसँग हाम्रो मित्रवत् सम्बन्ध छ, नेपालले गरेको पत्राचारलाई संवादबाट समस्या समाधानको अवसर बनाउन सकिन्छ ।'

कूटनीतिज्ञ जयराज आचार्य चुच्चे नक्सा जारी भएयता संवाद समेत गर्न तयार नभएको भारतले यसपटक पठाएको जवाफलाई उपयोग गर्न सकिने बताउँछन् । आचार्य भन्छन्, 'यो विषय उठिसकेको छ, यसलाई सकारात्मक रुपमा लिँदै संवादमार्फत् समाधान गर्ने मौकाको रुपमा उपयोग गर्नु पर्दछ ।'

*(स्रोत: अनलाइनखबर)*

# एमआरपीमा रस्साकस्सी, समाधान कहिले ?

काठमाडौं/सरकारले भन्सार बिन्दुमै आयातित वस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने निर्णयमा कडाइ गरेसँगै देशका प्रमुख व्यापारिक नाकामा अन्योल र गतिरोध सिर्जना भएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता ठगिने क्रम रोक्न यो व्यवस्था अघि सारे पनि कार्यान्वयनमा देखिएको व्यावहारिक जटिलताका कारण वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, रसुवा र मेची भन्सार नाकामा मालवाहक सवारीसाधनको लाम लागेको छ ।

भन्सारबाट एमआरपी उल्लेख नगरी सामान नछुट्ने भएपछि व्यवसायीले सामान आयात गरेका छैनन् । यसले आपूर्ति व्यवस्था नै प्रभावित हुने जोखिम बढेको छ । वीरगञ्ज, भैरहवा र रसुवागढी लगायत मुख्य नाकाबाट हुने आयातमा मन्दी आउँदा बजारमा दैनिक उपभोग्य वस्तु अभाव र महँगी बढ्ने संशय उत्पन्न भएको छ ।

यद्यपि, भन्सार प्रशासनका अनुसार औद्योगिक कच्चापदार्थ र छिटो सड्ने सामान आपूर्ति भने पूर्णरूपमा ठप्प भएको छैन । सरकारले बजार पारदर्शी बनाउन यो कदम चालेको दाबी गरिरहँदा व्यवसायीहरूले भने यसलाई कार्यान्वयन गर्न नसकिने 'अव्यावहारिक' नीतिका रूपमा टिप्पणी गरेका छन् ।

दुई पक्षको यो टकरावले एकातिर व्यावसायिक वातावरण बिग्रेको छ भने अर्कोतिर बजारमा अत्यावश्यक सामग्री अभाव हुने जोखिम बढेको छ ।

**नीतिको पृष्ठभूमि र विवादको जड**

यस नीतिको पृष्ठभूमि सरकारको १ सय बुँदे कार्ययोजनासँग जोडिएको छ, जहाँ बुँदा नम्बर ८३ मा एमआरपी सम्बन्धी व्यवस्था कडाइ गर्ने उल्लेख थियो । सोही योजना अनुरूप वाणिज्य विभागले ३० चैत २०८२ मा सूचना जारी गर्दै १५ वैशाख २०८३ पछि भित्रिने सबै मालसामानमा भन्सारमै एमआरपी उल्लेख हुनुपर्ने निर्देशन दिएको थियो । यसबाट उपभोक्ता ठगिने क्रम रोकिने र राज्यकोषमा सही राजस्व संकलन हुने सरकारको विश्वास छ । यद्यपि, यो नियम लागु भएसँगै व्यवसायीले चर्को विरोध जनाएपछि केही समयका लागि बीचको बाटो खोज्ने प्रयास पनि भएको थियो । व्यवसायीले तत्कालका लागि मूल्य 'स्वघोषणा' गर्ने र आगामी बजेट मार्फत स्थायी समाधान खोज्ने प्रस्ताव भन्सार विभागले मन्त्रालयमा पठाएको थियो ।

विभागीय मन्त्रालय यो सम्झौतामा लचिलो देखिए पनि नेतृत्व तहबाट भन्सारमै एमआरपी तोक्ने अडानमा कुनै सम्झौता नगर्न निर्देशन आएपछि भन्सार जाँचपासमा कुनै प्रगति छैन । यसले गर्दा भन्सारमा सामान रोकिने र बजारमा महँगी तथा अभाव बढ्ने व्यवसायीको दाबी छ ।

देशको मुख्य व्यापारिक नाका वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार अहिले करिब १४ सयदेखि १५ सय हाराहारी सवारीसाधन भन्सार क्षेत्रमा रोकिएका छन् । १६ वैशाखमा १२ सयजति रोकिएका मालवाहक ट्रक संख्या अहिले दैनिक करिब १ सयका दरले थपिँदै गएको छ । उनका अनुसार अहिले एमआरपी लागेका सामान र औद्योगिक कच्चापदार्थ उद्योगहरूले लैजाने काम भइरहेको छ, तर अन्य व्यापारिक सवारीसाधन भने रोकिएका छन् । समस्या समाधानका लागि विभाग मार्फत मन्त्रालयमा पत्राचार गरे पनि हालसम्म कुनै सकारात्मक संकेत वा निकास आएको छैन ।

**भैरहवा र रसुवाको अवस्था उस्तै**

भैरहवा भन्सारमा पनि गाडी रोकिने र थपिने क्रम जारी छ । भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी उद्धव ढुंगानाले नेपालतर्फको क्षेत्रमा १५ देखि २० वटा गाडी रोकिएको र अन्य धेरै गाडी भारतीय सीमामै अड्किएको जानकारी दिए । 'हामीकहाँ अहिले दैनिक ३०-४० वटा गाडी जाँचपास भइरहेका छन्, जसमा मुख्यतया तरकारी, फलफूल र औद्योगिक कच्चापदार्थ बोकेका छन्,' उनले भने, 'तर, ठूलो संख्यामा गाडीहरू पारि (भारतीय क्षेत्रमा) नै रोकिएको अवस्था छ ।'

# हेटौंडामा लेखा तथा माइन्युटलेखन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/सव डिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा एक दिवसीय लेखा अभिलेख व्यवस्थापन तथा माईन्युटलेखन तालिम रातोमाटेमा सम्पन्न भएको छ ।

कार्यालयको चालू आव २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तालिम आयोजना गरिएको हो । तालिममा समूहमा राख्नुपर्ने विभिन्न अभिलेखको बारेमा जानकारी गराइएको थियो । आम्दानी खर्चको रेकर्ड, बैठक पुस्तिका, दर्ता, चलानी, नगदी रसिद, बैंकनगदी किताब, वनपैदावार बिक्री रेकर्ड, आगन्तुक पुस्तिका, जिन्सीखाता, निर्णय लेख्ने तरिका, बरबुझारथलगायत विषयमा सहभागीलाई जानकारी गराइएको हो । तालिममा बागमती प्रदेश लोकसेवा आयोगका लेखा अधिकृत हेमराज ढुंगाना र रानी सामुदायिक वन उपभोक्ता समूहका कार्यालयसचिव भीमसेन पौडेलले सहजीकरण गरेका थिए ।

यस्ता तालिमले सामुदायिक वनमा राख्नुपर्ने विभिन्न प्रकारका अभिलेखको बारेमा जानकारी हुनुको साथै क्षमता अभिवृद्धिमा सहजता हुने तालिममा सहभागी सुन्दर सामुदायिक वनकी कार्यालयसचिव सावित्री हुमागाईले बताइन् । सव डिभिजन वन कार्यालय, हेटौंडाका वनअधिकृत बच्चुराम सुवेदीले तालिमको उद्देश्यको बारेमा जानकारी गराएका थिए ।

तालिममा सवडिभिजन वन कार्यालय, हेटौंडाअन्तरगत रहेका विभिन्न सामुदायिक वन र कबुलियती वन समूहका १८ जनाको सहभागीता रहेको रेन्जर इश्वरदत्त जोशीले बताए ।

**वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।**

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुर्‍याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



## मकवानपुरका सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सशंकित

# जग्गाको निस्सा माग गर्दै ज्ञापनपत्र पेश

साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ जग्गाको निस्सा प्रदान गर्न मागगर्दै मकवानपुरका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले संघीय सरकार र स्थानीय तहको ध्यानकर्षण गराएका छन् ।

उनीहरुले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीमार्फत् प्रधानमन्त्री बालेन्द्र शाह र नगर प्रमुख मीनाकुमारी लामालाई ज्ञापनपत्र बुझाउँदै दीर्घकालीन समस्या समाधानको माग गरेका हुन् । आवासीयअधिकार नै कुण्ठित हुनेगरी जारी सूचना तत्काल खारेज गर्नुपर्ने उनीहरुले बताएका छन् ।

भूमि ऐन २०२१ अनुसार गठन गरिएको भूमि समस्या समाधान आयोगमार्फत् सुकुम्बासी तथा अव्यवस्थित परिवारले हकभोग गर्दै आएको जग्गाको निस्सा आफूहरुले पाउनुपर्ने नेपाल बसोबास संरक्षण समाज मकवानपुरका अध्यक्ष कमलचन्द्र सुमनले बताएका छन् । ज्ञापनपत्रमा वर्षौंदेखि बसोबास गर्दै आएको सरकारी, ऐलानी तथा वनक्षेत्रको जमिन खाली गर्न विभिन्न निकायबाट दिइएका सूचनाले आफ्नो आवासअधिकारमा गम्भीर असर परेको उल्लेख गरिएको छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि र त्यसपछिका विभिन्न अवधिमा राज्यका विभिन्न निकायले सुकुम्बासी समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा अपेक्षित प्रगति हुन नसकेको अध्यक्ष सुमनले बताए । उनका अनुसार अव्यवस्थित बसोबासीले खानेपानी, सडक, विद्यालय, बिजुली जस्ता आधारभूत पूर्वाधार निर्माणमा समेत योगदान पुर्‍याएका छन् । सरकारले विभिन्न समयमा गठन गरेका आयोग, कार्यदल तथा सरकारी संयन्त्रले दिएको सिफारिस र प्रतिवेदन कार्यान्वयनमा आउन नसकेकोप्रति उनीहरुले असन्तुष्टि व्यक्त गरेका छन् । सरकारले ल्याएको भूमि सम्बन्धी ऐन २०२१ र त्यस अन्तर्गतका निर्देशिकाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने माग गरिएको छ ।

संविधानले सुनिश्चित गरेको मौलिक अधिकारअनुसार आवासको हक सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको अध्यक्ष सुमनले बताए । राज्यले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीप्रति गरिरहेको व्यवहार संविधानको भावना विपरीत रहेको उल्लेख गर्दै उनीहरुको सम्मानजनक बसोबास सुनिश्चित गर्न तत्काल ठोस निर्णय लिन आग्रह गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको सन्धि तथा मानवअधिकार सम्बन्धी प्रावधानको पालना गर्न सरकारलाई ध्यानाकर्षण गराइएको छ ।

ज्ञापनपत्र बुझ्दै नगर प्रमुख लामाले संविधानअनुसार कुनैपनि नागरिकलाई सुकुम्बासी बन्न नदिने बताइन् । अधिकारको हनन् नगरी नागरिकलाई सही ढंगले व्यवस्थापन गर्न आफूहरु प्रतिबद्ध रहेको उनले उल्लेख गरिन् । प्रधानमन्त्री शाहको बचाउ गर्दै नगर प्रमुख लामाले नागरिकमा आतंक सिर्जना गरेर उठिबास लगाउने योजना स्वयम् संघीय सरकारको समेत नरहेको धारणा राखिन् । नगरप्रमुख लामाले हेटौंडाका सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई आत्मसम्मानकासाथ उचित ढंगले व्यवस्थापन गर्ने आश्वासन दिइन् ।

ज्ञापनपत्रमा भूमिहिन सुकुम्बासी संघर्ष समिति मकवानपुरका अध्यक्ष क्षेत्रबहादुर मोक्तान, बसोबास संरक्षण समाज मकवानपुरका अध्यक्ष कमलचन्द्र सुमन, राष्ट्रिय भूमि अधिकार मञ्च मकवानपुरका अध्यक्ष देवकृष्ण थोकर, अखिल नेपाल सुकुम्बासी संघका प्रतिनिधि गंगाराम थिङ, राष्ट्रिय सुकुम्बासी संघ मकवानपुरका अध्यक्ष निरमार 'सी' ले हस्ताक्षर गरेका थिए । संघीय सरकारले काठमाडौं उपत्यकापछि अन्य जिल्लामा पनि अतिक्रमित क्षेत्र खाली गर्ने तयारी थालेपछि बिभिन्न जिल्लामा भूमिहीन सुकुमवासी, मुक्तकमैयालगायत समुदाय विरोधमा उत्रिन थालेको छ ।

सोमबार मकवानपुर, बर्दियालगायत जिल्लामा प्रदर्शनसहित प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । सुकुमवासीलाई उठीबास लगाउने नभई व्यवस्थापन गर्न माग गर्दै उनीहरु हेटौंडा उपमहानगरपालिका-११ थानाभन्ज्याङबाट सोमबार बिहान ११ बजे र्‍याली निकालेर जिल्ला प्रशासन कार्यालय पुगेका थिए । काठमाडौंमा रहेका सुकुमवासी बस्ती खाली गरेपछि अन्य जिल्लामा रहेका अतिक्रमित बस्तीको लगत संकलन गर्न गृह मन्त्रालयले जिल्ला प्रशासनलाई निर्देशन दिएसँगै मकवानपुरका सुकुमवासी पनि सशंकित छन् । हेटौंडा उपमहानगर का १९ वटै वडामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् ।

संघीय सरकारले भूमिहीन सुकुमवासीको समस्या समाधानका लागि गठन गरेका आयोगले संकलन गरेको तथ्यांक र उपमहानगरको भूमि व्यवस्थापन शाखाले गरेको आन्तरिक सर्वेक्षणअनुसार उपमहानगर का १९ वटै वडामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् ।

उपमहानगरमा भूमिहीन दलित २१०, भूमिहीन सुकुमवासी १ हजार ७४३ र अव्यवस्थित बसोबासी ३ हजार ७९० जना रहेका छन् । १७, १८ र १९ नम्बर वडामा समुदायस्तरमा छैनन् । तर, ठाउँठाउँमा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् । नगरका बाँकी वडामा समुदायस्तरमै सुकुमवासी र अव्यवस्थित बसोबासी रहेको भूमि व्यवस्थापन शाखाप्रमुख लक्ष्मण अधिकारीले जनाए ।

भूमि व्यवस्थापन शाखाका अनुसार हेडौंडाका १२ वटा वडामा ५ हजार ७४३ जना भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् ।

यो तथ्यांक २०७७ र २०७८ सालमा भूमि समस्या समाधान आयोगले वडा कार्यालयमार्फत निश्चित समय दिएर संकलन गरेको लगत विवरण हो ।




नेपाल सरकार
गृह मन्त्रलय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**


*प्रकाशित मिति: २०८३।१।२२ गते ।*

यस कार्यालयबाट प्रथम पटक मिति २०८२।१०।२० गते बोलपत्र आव्हान सम्बन्धी र दोश्रो पटक मिति २०८३।०१।१० गते आर्थिक पक्ष मुल्याङ्कनको लागि साझा कुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको supply delivery and installation of CCTV (NCB/BPPO/G/02/2082/083) कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल**

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bidder's proposed amount without VAT |
|---|---|---|---|---|
| 01 | NCB/BPPO/G/02/2082/083 | The procurement of supply delivery and installation of CCTV system | NeXGeN IT Solutions pvt.ltd. | Rs. 14,833,605/- |


# आकर्षक घडेरी बिक्रीमा




हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


## नवोदय शिशुसदनमा

# शारीरिक दण्डविरुद्ध अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, २१ बैशाख/ हेटौंडा-४ स्थित नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि शारीरिक दण्डविरुद्धको एक दिवसीय अन्तरक्रिया भएको छ ।

विद्यालयमा विद्यार्थीमैत्री वातावरण सुनिश्चित गर्दै शारीरिक दण्डको पूर्ण अन्त्य गर्ने उद्देश्यले आयोजित कार्यक्रममा सुरक्षित सिकाइ र सकारात्मक अनुशासनका विविधपक्षमा छलफल गरिएको थियो । कार्यक्रममा सहभागी शिक्षक तथा कर्मचारीलाई विभिन्न समूहमा विभाजन गरी विषयगत प्रस्तुति र छलफल गराइएको थियो । समूहगत प्रस्तुतिमा शारीरिक दण्डको अर्थ र परिभाषा, दण्डका प्रकार, लुकेर हुने दण्ड, दण्डका कारण, विद्यार्थीमा पर्ने भावनात्मक असर तथा सिकाइमा पर्ने प्रभाव जस्ता महत्वपूर्ण विषय समेटिएका थिए ।

छलफलमा सहभागीले दण्डका कारण र यसले विद्यार्थीको भावनात्मक विकास तथा सिकाइ क्षमतामा पार्ने गम्भीर नकारात्मक असरबारे धारणा राखेका थिए । सहभागी शिक्षकले शारीरिक तथा मानसिक दण्डले विद्यार्थीको आत्मविश्वास घटाउने र व्यवहारमा विचलन ल्याउने कुरामा जोड दिँदै अबका दिनमा परामर्श, स्नेह र संवादमार्फत् नै समस्याको समाधान खोजिनुपर्ने निष्कर्ष निकालेका थिए ।

विद्यालयका शैक्षिक निर्देशक हर्कबहादुर कार्कीले सहजीकरण गरेको कार्यक्रममा नर्सरीदेखि कक्षा १० सम्मका शिक्षक तथा कर्मचारीको सहभागिता रहेको थियो । विद्यालयले आगामी दिनमा पनि यस्ता विद्यार्थी केन्द्रित र सुधारात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
पालुङ, मकवानपुर । Palung, Makawanpur

**सदस्यहरुलाई व्याज छुटसहित कर्जा चुक्ता/नियमित गर्न आउने बारे अन्यान्त जरुरी सूचाना !**

यस संस्थाबाट कर्जा उपयोग गरी २०८० अषाढ मसान्त अगाडि भाखा नाघी खराव कर्जामा वर्गीकरण भएका कर्जाहरुलाई व्याज छुट सुविधासहित कर्जा चुक्ता गर्ने अवसर प्रदान गरिएकोले सम्वन्धित कर्जा लिने सदस्यहरुले व्याज छुट सुविधा लिनुभई कर्जा चुक्ता गर्नुहुन सूचित गरिन्छ ।

साथै कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज बुझाई कर्जा नियमित वा राफसाफ गर्ने कर्जा लिने सदस्यहरुलाई पेनाल व्याज र व्याजको व्याजमा सम्पूर्ण छुट दिई, साथै साधारण व्याजमा समेत छुट दिन सकिने व्यवस्था गरिएकोले संस्थाको कार्यालयमा सम्पर्क गरी मिति २०८३ आषाढ १५ गते सम्ममा व्याज छुट सुविधाको लाभ लिनुहुन अनुरोध गर्दछौं ।

**श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८३/०१/१६ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा. नामसारीको**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

*निवेदक- देश माया घलान (छोरी)* *जग्गावाला- टेक बहादुर घलान (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को टेक बहादुर घलानको नाममा नाप नक्सा भएको तपशिलका जग्गा पावस मौजेको रैती नं.४४ को रैती पुर्ण माझीको नामबाट मान बहादुर घलानको नाममा साविक भोग लगत कायम हुन आई दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला टेक बहादुर घलान र साविक लगत तथा अन्य सम्पूर्ण कागज प्रमाणहरुमा उल्लेख भएको मान बहादुर घलान फरक-फरक व्यक्ति नभई एकै व्यक्ति निवेदकको बुवा मान बहादुर घलान नै भएकोमा निज मान बहादुर घलानको मिति २०५५/११/२९ मा मृत्यु भएको र निजको एक मात्र पत्नि कान्छी माया मुक्तान घलान रहेकोमा निजको पनि मिति २०७१/०९/०६ मा मृत्यु भईसकेकोले निजहरुको शेषपछि हकखाने नजिकको हकदार एक मात्र छोरी देश माया घलान भएको तथा कुनै पनि छोराहरुको जायजन्म नभएकोले उल्लेखित तपशिलका जग्गा साविकमा फिल्डबुकवाला मान हादुर घलान भन्ने टेक बहादुर घलान र निजकी पत्नि कान्छिमाया मुक्तान घलानको मृत्यु पूर्व निजहरुले नै र निजहरुको मृत्यु पश्चात निजहरुको हक खाने व्यहोर्ने तथा बुवा आमाको मृत्यु अगाडिको पालनपोषण तथा मृत्यु पछाडिको काजकृया गर्ने एक मात्र विवाहित छोरी देश माया घलानले नै साविक देखि हाल सम्म निरन्तर रुपमा भोग चलन तथा हकभोग गर्दै आएकोले छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ५ नम्बर वडा कार्यालयको च.नं. ३९३ मिति २०८२/०८/२५ को छुट जग्गा दर्ता नामसारी सम्बन्धी हकदार, हकभोग तथा टेक बहादुर घलान र मान बहादुर घलान समेत एउटै हो भनि खुलि आएको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, पालनपोषण तथा काजकृया सम्बन्धको च.नं. १०४२ मिति २०८३/०१/१० को सिफारिस पत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २११ मिति २०८२/०८/२८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता नामसारी गर्न नमिल्ने भएमा वा जग्गावालालाई निवेदक बाहेक अरु कसैले पालनपोषण तथा काजकृया गरेको भएमा वा फरक-फरक नाम भएको व्यक्ति एकै नभई फरक-फरक भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक बाहेक अन्य कोही हक्दारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | टेक बहादुर घलान पं. हटिया वडा नं. ८ बाबु-..... बाजे-..... | हटिया | ८ | ८८७ | ०-१९-३ | देश माया घलान | जिल्ला मकवानपुर पावस मौजेको रैनं. ४४ को रैती पुण माझीको नामबाट मान बहादुर घलानको नाममा गएको कैफियत देखिन्छ । |

*ईति संवत २०८३ साल बैशाख महिनाको १६ गते रोज ४ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना